नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

स्थापित वि.सं. १९९४

# बोलपत्र आह्वानको सूचना

## प्रधान कार्यालय

## सामान्य सेवा बिभाग

**सिलबन्दी बोलपत्र आह्वानको सूचना नं.**

**NBL/NCB09/O078/79**

**(प्रथम पटक सूचना प्रकाशन मिति २०७८/०८/०६)**

१. सेवा आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुबाट २०७८ साल माघ १ गते देखि २०८० पौष मसान्त सम्मलाई करिव ४७ शाखा तथा Extension Counter हरुमा IT Support सेवा करारमा आपूर्ति गर्न नेपाल बैंक लिमिटेड बोलपत्र आहवान गर्दछ।

२. खरिद गरिने सेवाको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित यस नेपाल बैंक लिमिटेड, काठमाडौं बैकिङ्ग अफिसमा रहेको हि नं.००२००१०६७११२८३००००१ मा रु.३,०००/- (फिर्ता नहुने) बुझाई बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति भन्दा एकदिन अगाडीसम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछन्।

५. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मिति देखि ९० दिनको हनेछ।

६. बोलपत्र पेश गर्दा बोलपत्र साथ रु. ८०,०००/०० बोलपत्र खोलिने मितिदेखि गणना हुनेगरी १२० दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंक तथा बित्तिय संस्थाबाट जारी गरेको बैंक जमानत वा यस कार्यालयको काठमाडौं बैकिङ्ग अफिसमा रहेको हि नं.००२००१०६७११२८००००००१ नगद जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ।

७. दाखिला भएका बोलपत्रहरु २०७८/०९/०७ दिनको १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, सामान्य सेवा बिभागमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निधारित मिति देखिनै गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

९. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइनेछ। केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ।

१०. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

१२. सेवा आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धि दिईने छैन।

१३. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नेपाल बैंक लिमिटेडमा सुरक्षित रहनेछ।

सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१५. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस नेपाल बैंक लिमिटेड, सामान्य सेवा बिभागमा सम्पर्क राख्न सकिनेछ। साथै यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.ppmo.gov.np मा पनि हेर्न सकिने छ।